श्री काठमाडौ जिल्ला अदालतमा दायर गरेको

फिराद-पत्र

| | |
|---|---|
| [redacted] नातिनी, [redacted]को छोरी काभ्रे जिल्ला धुलिखेल न.पा.वडा नं. ३ बस्ने बर्ष ३८ की [redacted]...१ | पक्ष वादी |

बिरुद्द

कानून खबर कानून खबर कानून खबर कानून

| | |
|---|---|
| भक्त बिरको नाती, झंकबिर प्रधानको छोरा नुवाकोट जिल्ला तारकेश्वर गाउ.पा. वडा नं. २ घर भई हाल का.जि.का.म.पा.वडा नं. ११ बबरमहल बस्ने बर्ष ५६ को कृष्ण मान प्रधान मो.नं.९८५१०३३५४०.........१ | बिपक्षी प्रतिवादी |

मूद्दा : यौन दुर्व्यबहार ।

म फिरादीको हक पुग्ने कुरामा मुलुकी फौजदारी कार्यबिधी संहिता २०७४ को दफा ४३, ४५, ५३, १६९ न्याय प्रशासन ऐन २०७३ को दफा ७, मुलुकी अपराध संहिता २०७४ को दफा २२४, २२८, २२९ समेतको आधारमा यो फिराद गर्न आएकी छु । मेरा तपशिलका साक्षी प्रमाण समेत जो बूझ्नु पर्ने बुझी न्यायिक ईन्साफ गरी पाउँ ।

(१) उल्लेखित बिपक्षी संग मेरो चिनजान आज भन्दा करिव ४ बर्ष अगाडी भएको हो । उक्त समयमा म फिरादी बेरोजगार भई बसेको समयमा मेरो साथी मार्फत निज बिपक्षीको का.जि.का.म.पा.वडा नं. ११ अवस्थित नेपाल कानून समाज संस्थामा भएको हो । निज आवद्ध रहेको उक्त संस्थामा निज संग भेट भए पछि उक्त संस्थाको प्रपोजल लेख्ने काममा सहयोग गर्न आग्रह गरेकोले करीव ४ महिना जति उक्त संस्थामा आंशिक समयमा गई काम गरेकी थिएँ ।

(२) प्र नं.१ मा उल्लेख गरे बमोजिम निज विपक्षी समेत कार्यरत उक्त संस्थामा काम गर्न छोडेपछि पनि मलाई निज बिपक्षीले कहिले के, कहिले के बहाना बनाएर एकान्तमा भेट्न बोलाउने, कहिले होटल रेष्टुरेण्टमा समेत चिया कफी खाने बहानामा बोलाउने र म संग नजिक हुन खोज्ने मेरो संबेदनसिल अंगहरुमा छुन खोज्ने, यौन आशयले जिस्काउने, यौन सम्पर्क राख्ने आशयको ब्यवहार प्रकट गर्ने, मोबाइलबाट फोन तथा मेसेजगरी मलाई हैरानी गर्ने कार्य गर्नु हुन्थ्यो, मैले सोही समयमा मलाई यस्तो कार्य मन पर्दैन, म एक बिवाहीत महिला मेरो आफ्नो श्रीमान हुनुहुन्छ, म श्रीमानको सत्यमा बसीराखेकी महिला भएकीले त्यस्तो ब्यबहार नगर्नुस भनी सो यौन ब्यवहार सम्बन्धमा पुर्ण इन्कार गरी बरु के कामछ भन्नुहोस, सक्नु हुन्छभने मलाई कुनै नोकरी मिलाई दिनुहोस, तपाईको पहुँच माथि माथि सम्म छ भन्ने गरेकी थिएँ र बिपक्षीले पनि हुन्छ, म तिम्रो लागी राम्रो नोकरी खोजी दिउँला भनी मलाई आश्वासन दिंदै आई रहनु भएको थियो ।

(३) प्र.नं. २ मा उल्लेख गरे बमोजिम बिपक्षीको सोही आस्वासनले निज बिपक्षीले बोलाएको बेलामा निजले बोलाएको स्थानमा निजलाई भेट्न गई राखेकोमा आज भन्दा करीब ४ महिना अगाडी पनि एक दिन निज बिपक्षीले मलाई नोकरीको बारेमा कुरा गर्नुछ मलाई का.म.पा.वडा नं. २९ अनामनगरमा आउनु भन्नु भयो र म फिरादी पनि निजले नोकरी मिलाई दिनुहुन्छ होला भन्ने आसमा निजले बोलाएको उक्त स्थानमा गएँ र निजले मलाई सो स्थानमा रहेको एउटा रेष्टुरेण्टमा लिएर जानु भयो र त्यहाँ गई सकेपछि पनि निजले म संग संगै टाँसिएर बस्न आउनु भयो र नोकरीको बारेमा के हो ? कहाँ हो ? भनी सोध्दा तिमीलाई उपयुक्त छ, राम्रो नोकरीछ भन्नु भयो र निजले मगाएको खानेकुरा खाई बसेको समयमा समेत निजले मेरो शरिरको बिभिन्न संबेदनशिल अंगहरुमा आफ्नो हातले छुन खोज्ने मेरो हात समाउने प्रयास गर्न थालेपछि निज बिपक्षीसंग रिसाएर निस्केकी थिएँ तर सो पछि हाल सम्म पनि मेरो मावाईलमा फोन गरी तथा मेसेंज मार्फत समेत अवाञ्छित वा अमर्यादित ब्यवहार गर्दै आई रहेकोले बाध्य भई यो फिराद गर्न आएकी छु ।

(४) अत : माथि प्रकरणहरुमा उल्लेख गरे बमोजिम निज बिपक्षीले म फिरादीलाई नोकरी दिलाई दिने बहानामा एक्लै एक्लै बिभिन्न स्थानमा बोलाई बिभिन्न मलाई मन नपर्ने ब्यबहार गरी, यौनका आशयले जिस्क्याई हैरानी गर्ने गरेको, हालसम्म पनि बिभिन्न बिद्युतीय माध्यम मार्फत उक्त कार्य गर्दै आएको र बिपक्षीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ बमोजिमको कसुर भएकोले बिपक्षीलाई ऐ.ऐ.को उपदफा ३ बमोजिम हदै सम्मको सजाय गरी दफा २२८ बमोजिम उचित क्षेतिपूर्ति समेत भराई पाउँ ।

(५) मुलुकी अपराध संहिता २०७४ को दफा २२९ बमोजिम हदम्याद रहेको छ ।

कानून खबर

(६) मुलुकी फौजदारी कार्यबिधी संहिता २०७४ को दफा ४३,४५ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्दछ ।
(७) प्रस्तुत बिषयमा अन्यत्र फिराद गरेको छैन ।
(८) प्रतिबादीहरुलाई अदालतबाटै म्याद तामेल गरी पाउँ ।
(९) हाल कानून ब्यबसायी नियुक्त गरेको छैन ।
(१०) देहायका दस्तुर यसैसाथ बुझाउन ल्याएको छु :

..........................बापत रु ..............................
..........................बापत रु ..............................
..........................बापत रु ..............................

(११) देहायको कागजात पेश गरेको छु ।

(क) नागरीकताको प्रतिलिपी....१

(१३)**साक्षी :-**
(क) का.जि.चन्द्रागिरि न.पा.वडा नं. १३ बस्ने बर्ष ४५ को [illegible] ..१
(ख) ऐ.ऐ.वडा नं. ५ बस्ने बर्ष ४७ को [illegible]...................... १

माथि प्रकरण प्रकरणमा उल्लेख गरेका कुराहरु ठीक साँचो छ,झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

कानून खबर कानून खबर कानून खबर कानून खबर

फिराद पत्रवाला

निज : १.

इति संम्बत २०८० साल भाद्र महिना २४ गते रोज. १ शुभम् .......।

श्री काठमाडौं जिल्ला अदालतबाट
यो ३ ........पानाको फिराद-पत्र पढी
सुनाउदा लेखिए बमोजिम दर्ता गर्न मन्जुर
छ भनी सही गर्ने...